अनुसूची-२

(दफा ४ को अनुसूची-१ को भाग १ संग सम्बन्धित)

# साँफेबगर राजपत्र

**साँफेबगर नगरपालिकाद्वारा प्रकाशित**

खण्ड -०५ संख्या -०१ मिति :२०७८/११/०६

## भाग -०१

साँफेबगर नगरपालिकाको सुचना

नेपालको संबिधानको धारा २२६को उपधारा (१) बमोजिम निर्माण गरिएको सुदुरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**टेम्पो,अटो-रिक्सा तथा ई-रिक्सा दर्ता, संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन -२०७८**

आज्ञाले

.........................

प्रमुख प्रशासकीय अधिकृत

## साँफेबगर नगरपालिकाको

## टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७८

*पारित भएको मिति: २०७८/११/०४*

*प्रमाणीकरण भएको मिति: २०७८/११/०६*

**प्रस्तावना:** साँफेबगर नगरपालिकामा सञ्चालन हुने अटो रिक्साहरुलाई व्यवस्थापन गरी नगरको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) (ट) को अधिकार कार्यान्वयन गर्न नेपालको संबिधानको धारा २२६ उपधारा(१) बमोजिम साँफेबगर नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "साँफेबगर नगरपालिकाको टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७८" हुनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा" भन्नाले इन्जिन जडित पेट्रोलियम पदार्थ वा बिद्युतिय व्याट्रीबाट चल्ने टेम्पो,अटो रिक्सा तथा ई- रिक्सालाई जनाउने छ ।

(ख) "प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको प्रमुख भन्ने बुझाउने छ ।

(ग) "उप-प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाको उप-प्रमुख भन्ने बुझाउने छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(ङ) "ऐन" भन्नाले साँफेबगर नगरपालिकाको टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७८" भन्ने बुझिनेछ ।

(च) "क्रसिङ बिन्दु" भन्नाले साँफेबगर नगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेका अटो रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याका राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ ।

(छ) "नगर कार्यपालिका" भन्नाले साँफेबगर नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउने छ ।

(ज) "नगर क्षेत्र" भन्नाले साँफेबगर नगरपालिकाको सीमाना भित्रको भूभागलाई भन्ने बुझाउने छ ।

(झ) "रुट" भन्नाले टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा सञ्चालनका लागि नगर क्षेत्र भित्र राजमार्ग सडक बाहेक निश्चित क्षेत्र तोकीएको रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझाउने छ ।

(ञ) "समिति" भन्नाले यसै ऐनको दफा १२ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझाउने छ ।

(ट) "संचालन अनुमति" भन्नाले साँफेबगर नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्न दिईएको अनुमतिलाई बुझाउने छ ।

## परिच्छेद २

### दर्ता, नवीकरण, रुट ईजाजत सम्बन्धी व्यवस्था

३. **संचालन अनुमति लिनु पर्ने** : (१) साँफेबगर नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा जस्ता साना तिनपान्ग्रे सार्वजनिक सवारी साधनले साँफेबगर नगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

४. **अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने** : साँफेबगर नगरपालिकाको सडक क्षेत्रमा सञ्चालनका लागि दर्ता भई रुट अनुमति पत्र बाहक बाहेक टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा जस्ता सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ ।

तर छिमेकी स्थानीय तहमा रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था बाहेक सिमा क्षेत्रबाट १ कि.मि. भन्दा बढी क्षेत्रमा सवारी ल्याउन पाइने छैन र फर्किदा बिरामी वाहेकका यात्रु लिएर फर्किन पाइने छैन ।

५. **दर्ता गर्नु पर्नेः** (१) नगरपालिकाले नगर क्षेत्रमा सञ्चालन हुने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ दिन भित्र टेम्पो,अटो रिक्सा तथा ई-रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने टेम्पो,अटो रिक्सा तथा ई- रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएका टेम्पो,अटो रिक्सा तथा ई- रिक्साको वार्षिक नवीकरण गर्नु पर्ने छ ।

(४) दर्ता तथा नवीकरण शुल्क, रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) नगर सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

(६) दर्ता प्रमाण पत्र र दर्ता अभिलेख पुस्तिका कार्यालयले स्विकृत गरी लागू गर्न सक्नेछ ।

६. **निवेदन दिनु पर्नेः** दफा ५ बमोजिम दर्ता गर्न तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) सवारी धनीको नाम थर ठेगाना : नागरिकता नं. र प्राप्त जिल्ला : नागरिकताको प्रतिलिपि :

(ख) सवारी खरिद गरेको मिति र सम्भव भए सम्म खरिद गरेको बिल विजक :

(ग) सवारीको चेसिस नम्बर :

(घ) चालक अनुमति पत्रको प्रतिलिपि :

(ङ) सवारी बिमा गरेको कागजातको प्रतिलिपि

७. अनुमति तथा रुट ईजाजत पत्रको प्रमाण-पत्र दिनुपर्ने : दफा ६ बमोजिमको निवेदन उपर कारबाही भई दर्ता भए पश्चात नगरपालिकाले अनुसूची २ बमोजिमको ढाँचामा संचालन अनुमति तथा रुट ईजाजतको प्रमाण-पत्र दिनु पर्नेछ ।

८. नवीकरण गर्नुपर्ने : (१) नविकरणको म्याद दर्ता तथा नवीकरण मितिले एक बर्षको हुनेछ ।

(२) म्याद समाप्त भएको मितिले एक महिना भित्र तोकिएको राजश्व जम्मा गरि संचालन अनुमति तथा रुट ईजाजत पत्र नवीकरण गर्नु पर्नेछ ।

(३) नवीकरण नगरी टेम्पो,अटो रिक्सा तथा ई- रिक्सा संचालन गर्न पाईनेछैन ।

९.**सवारी चालक अनुमति पत्र** : नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-३
## रुट निर्धारण सम्बन्धी

**१०. रुट निर्धारण:** (१) यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण दफा १२ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

((२) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ ।

**११.आलोपालो तोक्न सक्ने:** (१) यस ऐन बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-४

## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी

**१२.अटो रिक्सा संचालन तथा व्यवस्थापन समिति:** (१) नगर क्षेत्रमा सञ्चालन हुने अटो रिक्सा संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) उप-प्रमुख - संयोजक

(ख) नगर प्रमुखले तोकेको एक जना वडाध्यक्ष र एक जना कार्यपालिका सदस्य : सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि १ जना -सदस्य

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधि १जना - सदस्य

(ङ) प्रमुखले तोकेको ट्रेड युनियन प्रतिनिधि १ जना -सदस्य

(च) प्रमुखले तोकेको प्राविधिक १ जना -सदस्य

(छ) नगरपालिका स्तरिय उपभोक्ता हित संरक्षण मंचको अध्यक्ष १ जना -सदस्य

(ज) आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

(झ) राजश्व उपशाखा प्रमुख - सदस्य

(ञ) आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

(२) दफा (१) बमोजिम गठित समितिमा आवश्यकता अनुसार कर्मचारी तथा अन्य नगर पालिकाका पदाधिकारीहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ।

(३) यस दफा बमोजिम गठित समितिका पदाधिकारी र आमन्त्रीत सदस्यहरुलाई कार्यपालिकाको बैठकमा उपलब्ध हुने सरहको बैठक भत्ता उपलब्ध गराईनेछ।

**१३. <u>समितिको काम कर्तव्य र अधिकारः</u>** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) टेम्पो,अटो रिक्सा तथा ई- रिक्साको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

(ख) सम्वद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने ।

(ग) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

(घ) प्रत्येक १ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने ।

(ङ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

(च) नगरमा संचालित सवारी साधनमा कलर कोड तोक्ने ।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. <u>बिमा गर्नुपर्नेः</u>** (१) सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

१५. **<u>सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तहरुः</u>** सवारी धनी तथा सवारी चालकले देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

(क) सवारी धनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) राजमार्ग सडक, नगर क्षेत्र भित्रको ग्राभेलयुक्त सडकमा मात्र सवारी सञ्चालन गर्न पाइने छ ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(ज) यात्रु संग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड जरिवाना सम्बन्धी

१६. **<u>दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः</u>** १. यस ऐन बमोजिम दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा, सवारी चालक अनुमति/(लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेमा वा दफा १४ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय अनुसार जरिवाना हुनेछ ।

(क) पहिलो पटक भएमा रु. ५००।- जरिवाना दोस्रो पटक सोही कसूर गरेमा रु. १०००।- तेश्रोपटक सोही कसूर गरेमा रु. ३०००।- जरिवाना हुनेछ । तिन पटक भन्दा बढी पटक पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट परमिट समयावधि तोकेर निलम्बन गर्ने र त्यसपछि पनि सोही कसुर दोहोराएको खण्डमा रुट परमिट खारेज समेत हुनेछ ।

(ख) यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ ।

## परिच्छेद-६

## विविध

**१७. विविध :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता, नविकरण, रुट परमिट, ठाउँसारी र नामसारीका सम्बन्धमा देखिएका जटिलताका सम्बन्धमा निर्णय दिने अधिकार दफा १२ बमोजिम गठन हुने समितिलाई हुनेछ र सो समितिले यस ऐनका जटिलताका सम्बन्धमा गरेको निर्णय कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ ।

१८ **नियम बनाउन सक्ने**: यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले नियम, कार्यबिधि र मापदण्ड बनाउन सक्नेछ ।

# अनुसूची -१
(दफा ०६ सँग सम्बन्धित)
निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम ।

साँफेबगर नगरपालिकाको तोकिएको क्षेत्रमा टेम्पो/अटो-रिक्सा /ई-रिक्सा संचालन गरि आय आर्जन गर्न ईच्छुक रहेकोले संचालन अनुमति तथा रुट ईजाजतको लागि तपशिल बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपशिल :

१. नागरिकताको प्रतिलिपि (सवारी धनी र चालक दुवैको )
२. सवारी विमाको प्रतिलिपि
३. सवारी चालक अनुमति पत्रको प्रतिलिपि
४. सवारीको चेसिस नं :.......................खुलेको फोटो
५. सवारी ब्लु-बुकको प्रतिलिपि

सवारी धनीको
हालसालै खिचेको
फोटो टास्ने

निवेदकको विवरण :
नाम थर :..........................
ठेगाना : ............................
दस्तखत :

अनुसूची -१
(दफा ०७ सँग सम्बन्धित)

साँफेबगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

साँफेबगर अछाम
सुदुरपश्चिम प्रदेश, नेपाल

## टेम्पो/अटो-रिक्सा/ई-रिक्सा संचालन अनुमति तथा रुट ईजाजत प्रमाण-पत्र

सवारी नं : (सा.न.पा —दर्ता भएको आ.व/लेजरको क्रम संख्या) जस्तै : सा.न.पा -२०७८/७९-०००१)
सवारीको चेसिस नं : ........................
सवारीको रंग : ..............
अधिकतम भार वहन क्षमता : .................
प्रयोग गर्न पाईने क्षेत्र : .......................
सवारी धनीको नाम :.......................
खरिद मिति :.........................
खरिद मूल्यः..........................

सवारी धनीको हालसालै खिचेको फोटो टास्ने

नविकरणको लागि :

| क्र.सं | नवीकरण गरिएको मिति | नवीकरणको अन्तिम मिति | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |